# Terms of References (ToR)

## Call for Expression of Interest (EoI) for the supply of Materials (सामग्री खरिद सम्बन्धमा आसयपत्र पेश गर्ने बारे)

**१,भूमिकाः**

नेपाल स्वास्थ्यको लागिपानी (नेवा) नेपालको एक राष्ट्रिय गैर सरकारी संस्था (NGO) हो जसले स्वच्छ पिउने पानी, सरसफाइ तथा स्वच्छताको प्रवर्धनकालागि कार्य गरिरहेको छ । १९९२ मा यसको स्थापना देखि नेवाले राज्यका ५१ जिल्लामा कार्यरत रही लगभग बिसलाख अर्थात कुल जनसंख्याको ७% जनसंख्यालाई लिंङ्ग, जात, जनजाती तथा वर्गको विभेद नगरि सुरक्षित खानेपानी, स्वास्थ्यशिक्षा तथा आधारभूत सरसफाइ सुविधामा पहुंच तथा सेवा पु-याइरहेको छ ।

नेवा प्रदेश कार्यालय, सिन्धुलीद्वारा सिन्धुली जिल्लाका ग्रामिण क्षेत्रहरुमा सञ्चालित खानेपानी, स्वास्थ्य तथा सरसफाइ आयोजनाहरुका लागि आवश्यक निर्माण सामग्रीहरु तथा सेवा आपूर्ती गर्नकालागि सम्भावित तथा योग्य आपूर्तिकर्ताहरु छनौट गरि सामग्री निर्माण तथा आपूर्ति गराउनु रहेकोछ ।

**२, उद्देश्यः**

यस ToR (सान्दर्भिक सर्तहरु) को उद्देश्य सम्भावित तथा योग्य आपूर्तिकर्ताहरुबाट खानेपानी, स्वास्थ्य तथा सरसफाइ कार्यमा आवश्यक निर्माण सामग्री तथा सेवा आपूर्ति गर्न पाउं भनि EOI (आसयपत्र) समावेश गराउनु रहनेछ । नेवाको खरीद प्रक्रिया नीति बमोजिम छनौट भएका योग्य आपूर्तिकर्तालाई मात्र ततपश्चातको प्रक्रियामा समावेश गराइनेछ ।

**३, कार्य क्षेत्र/विवरणः**

नेवाद्वारा सञ्चालित आयोजनाहरुकालागि नेवाले निर्धारण गरेको आवश्यक नाप नक्सा, मापदन्ड तथा परिमाण अनुसारका निर्माण सामग्री तथा सेवाहरु सम्भावित तथा योग्य आपूर्तिकर्ताहरुबाट तपसिलमा उल्लेखित वर्गीकरण गरिएका सामग्रीहरुको आपुर्तिकालागि EOI ( आसयपत्र) पेश गर्नु पर्नेछ ।

**क).आवश्यक सामग्री तथा सेवाहरुः**

1. **सिमेन्ट ओ.पि.सी. (Cement OPC)**
2. **फ्याब्रिकेटिङ्ग सामग्री (Fabricating Item)**
3. **ढुवानी (Transportation)**

**ख).आसयपत्र,EoI का लागि आवश्यक कागजात तथा शर्तहरु :**

- आवेदनपत्र, साथमा सम्बन्धित सामग्री तथा सेवाको कार्य गर्न पाउने इजाजतपत्र (Company Registration), मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र (VAT),आ.व. २०७५।०७६को कर चुक्ता प्रमाणपत्र (Tax Clearance Certificate) ।
- आपूर्तिकर्ताको मुख्य व्यवसाय आपूर्ति कार्यसंग सम्वन्धित रही **३** वर्षको अनुभव हुनुपर्नेछ ।
- एउटै फर्मले एक भन्दा बढी समूहमा कार्य गर्ने भए छुट्टा छुट्टै निवेदन पेश गर्नुपर्नेछ ।
- लेखा परिक्षण प्रतिवेदन (आ.व. २०७५।०७६) को समावेश गर्नुपर्नेछ ।
- न्युनतम २ वटा अघिल्लो सेवाग्राहीसंग काम गरेको सिफारिस पत्र ।
- साझेदारितामा विविध फर्म खोलिएको भए कुनै एक फर्मले मात्र निवेदन पेश गर्नुपर्नेछ । सो को पुष्टिकालागि संस्थाको वेव साइट http://newah.org.np/notice मा उपलब्ध नमूना अनुसारको स्वघोषित फारम (Self Declaration Form) निवेदन साथ पेश गुर्नपर्नेछ ।
- माग गरिएको कागजातका प्रतिलिपीहरु रजिष्टर्ड (दर्तावाला) नोटरीबाट प्रमाणित गराई पेश गर्नुपर्नेछ ।
- आवेदकको नाम, ठेगाना र सम्पर्क नम्बर साथै शोरुम र उद्योगको सम्पर्क नम्बर उल्लेख गर्नुपर्नेछ ।

**नोटः**

१. उपरोक्त बमोजिम आसयपत्र सुचीकृतकालागि दरखास्त दिंदा सम्बन्धित "**आसयपत्र, EoI का लागि आवश्यक कागजात तथा शर्तहरु**" मा उल्लेख गरिएका सबै व्यहोरा तथा प्रमाणपत्रहरु अनिवार्य संलग्नगरि सिलबन्दी गरि खाममा फर्मको नाम, छाप र सम्पर्क नम्बर सहित पेश गर्नुपर्नेछ ।

२.सामग्रीको कम मुल्यमात्र आपूर्तिकर्ता छनौटको आधार हुनेछैन, गुणस्तर, फर्म वा फ्याक्ट्री भएको ठाउँ, विगतको कार्य अनुभव तथा सामग्री आपूर्तिगर्न सक्ने क्षमताको आधारलाई पनि छनौटको आधार मानिनेछ ।

३. आसयपत्रको दरखास्त मितिः **२०७७ असोज २०** (**06th of October 2020**) गते बेलुकी **५:००** बजे भित्र तपशिलमा उल्लेखित ठेगानामा पेश गरि सक्नु पर्नेछ । म्याद नाघी वा उल्लेखित कागजातहरु नपुग भइ प्राप्त हुन आएका दरखास्तहरु मान्य हुने छैनन् ।

४. प्राप्त निवेदनहरुलाई सुचीकृत गर्ने वा नगर्ने भन्ने अन्तिम निर्णय गर्ने अधिकार यस संस्थामा निहीत रहनेछ ।

**EOI ( आसयपत्र) को दरखास्त बुझाउने ठेगानाः**

**नेपाल स्वास्थ्यको लागि पानी (नेवा)**
प्रदेश कार्यालय, मधुटार, सिन्धुली,
सम्पर्क फोनः ०४७–५२०२३८

अथवा

**नेपाल स्वास्थ्यको लागिपानी (नेवा),**
पो.ब.नं. ४५९००, सिन्धुली

# NEPAL WATER FOR HEALTH (NEWAH)

**Headquarters, Lohasal, Kathmandu**

FMR-23-SDF

**Self-Declaration for Submission of EOI/Quotation and Services for Supplies**

Nepal Water for Health (NEWAH)

.......................................

........................................

Nepal

Dear Sir / Madam

We hereby declare that we are legally eligible to participate in the process of Procurement and Services. We hereby also declare that we have not received any punishment while doing business for the last three years and we do not have any Conflict of Interest in the said assignment. We also hereby confirm that we:

- Have not bid for the procurement of same materials/Services in partnership or
Association with any other firms/industries/agencies or organizations.
- Do not have any personal or financial interest with any staff member at NEWAH.
- Have not engaged or associated with any kind of terrorist activities.
- Have not enforced or exploited child labor or and forced labor.
- Always endeavor to use local/national human and material resources as far as practical.
- Are not blacklisted as per the procurement policy of NEWAH.

Signature:

Name:

Designation:

For and on behalf of: